"A secure business environment for economic development"

६६ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा आयोजित

# भन्सार सम्बन्धी अन्तरक्रिया कार्यक्रम

काठमाडौं, २०७४ माघ १० गते

# प्रमुख अर्थिक सूचकहरु

- आ.व. २०७४।७५ मा कुल ग्राहस्थ्य उत्पादनको बृद्धि दर ७.५ प्रतिशत रहेको छ । तर विगत एक दशकको औषत आर्थिक बृद्धिदर ४.२ प्रतिशत मात्र रहेको छ ।
- व्यापार घाटा बढ्दो छ । आ.व. २०७४।७५ मा वस्तु व्यापार घाटा रु. ९१७ अर्ब पुगेको छ । निर्यात आयात अनुपात १:१३
- प्रतिव्यक्ति कुल राष्ट्रिय आय न्यून रहेको छ । आ.व. २०७४।७५ मा ८६२ अमेरिकन डलर ।

उक्त सूचकहरुमा चित्त बुझाउने ठाउं छैन ।

# आर्थिक बृद्धिदर




श्रोत : केद्रिय तथ्याङ्क विभाग

# व्यापार घाटा (रु दश लाखमा)




श्रोत : नेपाल राष्ट्र बैंक

# पृष्ठभूमि

- कुनै पनि राष्ट्रको उद्योग व्यवसायको विकास एवं विस्तारमा भन्सार व्यवस्थापन तथा दरको उल्लेखनीय प्रभाव हुन्छ जसले स्वदेशी उद्योग व्यवसायको संरक्षण हुन्छ ।

- राजस्वको मूख्य श्रोत मू.अ. कर र आन्तरिक करहरु हुने अवस्था रहेको तर्फ बिचार गर्दा भन्सार बाट संकलन हुने राजस्व र भन्सारका दरहरु देश भित्र रहेका उद्योग व्यवसायहरु लाई संरक्षण दिन तर्फ निर्देशित हुनुपर्ने महासंघको धारणा हो ।

- साथै व्यापार सहजीकरणको मूलभूत सिद्धान्त अनुसार भन्सार कार्यालयहरु बढी सेवामुखि हुनुपर्ने ।

# न्यून एवं अधिक बिजकीकरण

- व्यवसायिहरुले नचाँहादा नचाहाँदै पनि न्यून बिजकीकरण वा अधिक बिजकीकरणको समस्या भोग्नु परेको छ। सो लाई आपसी छलफलबाट निर्क्योल गरिनुपर्ने ।
- कारोवार मूल्यलाई मान्यता दिइनु पर्ने ।
- बिलबिजक र भन्सार मूल्यांकनको बिचमा १० प्रतिशत सम्म फरक देखिएमा प्रस्तुत बिल बिजकलाई मान्यता दिइनुपर्ने ।
- शंका लागेमा भन्सार कार्यालयले घोषित मूल्यमा १० प्रतिशत थपगरी खरिद गर्नु पर्ने ।

# वस्तु तथा सेवा कर (GST)

- भारतबाट पैठारी हुने सामानमा GST बिललाई मान्यता दिइनुपर्ने ।
- भारतको GST का दरहरुलाई बिचार गरी १८ प्रतिशत र सो भन्दा कम दरहरु लाग्ने सामानमा भन्सार महसुल घटाइनुपर्ने आवश्यकता छ ।

# HSN Code

- बस्तु वर्गिकरणमा देखापरिरहेको विभिन्न समस्याहरुको सन्दर्भमा व्यापार व्यवसायको ठुलो अंश भारत संग हुनेगरेको तर्फ बिचार गरि HSN कोडहरु लाई समायोजन गर्ने तथा भारतको HSN Code लाई Reference को रुपमा प्रयोग गर्न सकिने व्यवस्था हुनुपर्ने ।

- HSN Code का सम्बन्धमा निजी क्षत्रको प्रतिनिधित्व हुनेगरी पूर्णकालिन प्राविधिक समिति गठनगरी मूल्यांकन समिति जस्तै पुनरावलोकन गर्ने व्यवस्था हुनुपर्ने ।

# मालबस्तुको गुणस्तर

- उत्पादन मिति, उपभोग अवधि उल्लेख भएका र तोकिएको बस्तुमा तोकिएको गुणस्तर भएको गुणस्तीय बस्तु मात्र पैठारी गर्न दिनुपर्ने ।

# भन्सार जाँचपास पछिको परिक्षण (PCA)

- भन्सार जांचपास पछिको परिक्षणलाई सहज बनाउन कम्तिमा काठमाडौं बाहेक ७ वटै प्रदेशमा PCA को व्यवस्था मिलाइनु पर्ने ।

# विनिमय दर

- विदेशी विनिमय नियन्त्रण (वि.वि.नि.) फर्ममा उल्लेख गरिएको विनिमय दरलाई नै भन्सार प्रयोजनको लागि कायम गरिनु पर्ने ।

# भन्सार पूर्वाधार

- भन्सार परिसरमै प्रयोगशाला, क्वारेन्टाइन, बैंक लगायतका अन्य पूर्वाधार उपलब्ध हुनुपर्ने ।

# डेमरेज, डिटेन्सन शुल्क

- भन्सार कार्यालयको कारणले हुने ढिलाईमा डेमरेज तिर्नुपर्ने अवस्थाको निराकरण हुनुपर्ने ।

  जस्तै : भन्सार कार्यालयमा प्रयोगशाला परिक्षणका लागि पठाउँदा हुने ढिलाई, मूल्यांकन, सरकारी विदा आदी ।

# निर्यात प्रवर्द्धन

- हाल बैंक ग्यारेन्टी अर्न्तगत पैठारी गर्ने बण्डेड वेयर हाउस सुविधा आफुले उत्पादन गरेको ५० प्रतिशत भन्दा बढी निकासी गर्ने उद्योगलाई मात्र प्रदान गर्ने व्यवस्था व्यवहारिक नभएको । सो लाई प्रतिशत भन्दा निश्चित रकम (रु दुई करोड) भन्दा वढी निकासी गर्ने उद्योगलाई उपलब्ध गराउनु पर्ने ।
- आर्थिक ऐनको भन्सार ऐनको अनुसूची २ को १२ मा उल्लेखित भन्सार विन्दुबाटै निर्यातमा Flat rate फिर्ता दिने व्यवस्था लाई कार्यान्वयन हुनुपर्ने ।

# निर्यात प्रवर्द्धन

- जुनसुकै कारणले फुकुवा हुन नसकेको पुराना बैंक ग्यारेन्टिहरु नीतिगत छलफल गरी सोलाई फुकुवा गर्ने व्यवस्था मिलाउनु पर्ने ।

- उद्योगहरुले आशिंक निकासी गरेको सन्दर्भमा आफुले पहिले नै पैठारी गरेको कच्चापदार्थ  बाट उत्पादन गरी निकासी गरेमा त्यस्तो निकासी गरेको कच्चा पदार्थमा छुट पाउने भन्सार महसुल पासबुकमा Credit जनाउने व्यवस्था हुनुपर्ने र उद्योगको पछि पैठारी हुने कच्चापदार्थहरु मा मिलान गर्न पाउनु पर्ने ।

# निर्यात प्रवर्द्धन

- भन्सार ऐन २०६४ को दफा ३१ र दफा ३३ को सुविधाहरु निकासी पैठारीकर्ता लाई उपलब्ध गराउन उक्त दफाहरुको प्रभावकारी कार्यान्वयन हुनुपर्ने ।

# निर्यात प्रवर्द्धन

- अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त प्रयोगशालाको स्थापना एवं प्रवर्द्धन गरिनु पर्ने ।
- निर्यात गृहको व्यवस्था (निर्यात उद्योगले ऐनमा पाएको सुविधा) कार्यान्वयनमा ल्याउनु पर्ने ।
- भन्सार विभागमा हुने व्यापार सहजिकरणको बैठकलाई निरन्तरता दिइनु पर्ने ।

# टुटफुट, लिकेज सम्बन्धमा

- Customs Transit Declaration (CTD) फर्ममा टुटफुट, सर्टेज, लिकेज भनि जनाइ आएकोमा भन्सार महसुल छुट दिने र सो पश्चातको भन्सार क्षेत्र भित्र भएको टुटफुट आदिमा प्रमाणपत्र तुरुन्तै जारी गरिनुपर्ने ।

- पैठारी भई आएकोको मालबस्तु Storage र हानि नोक्सानि हुन नदिन सम्बन्धित भन्सारहरु सम्बेदनशील हुन जरुरी छ । भन्सार ऐनको दफा ६९, दफा ५७ को उप-दफा १४ र उप-दफा १५ को प्रभावकारी कार्यान्वयन हुनुपर्ने ।

# ऐन नियममा सुधार

- भन्सार कार्यालयहरुले कुनै पनि प्रज्ञापन पत्रको सम्बन्धमा वा निकासी पैठारीकर्ता संग निजको आर्थिक दायित्व खडाहुने गरी कुनै माग भए दुई वर्ष भित्र मागदावी गरिसक्नु पर्ने । सो भन्दा पुरानो दायित्वहरु खडा गर्न नपाउने व्यवस्था हुनुनपर्ने । (Limitation of time)
- भन्सार ऐनको दफा ५७ मा तोकिएको दण्ड सजायहरु लाई परिमार्जन गरी कसुर अनुसार बनाउनु पर्ने र राजस्व सम्बन्धी अन्य ऐनहरु जस्तै पुनरावलोकनका लागि धरौटी राखी महानिर्देशक तथा राजस्व न्यायाधिकरणमा निवेदन दिन सक्ने व्यवस्था हुनुपर्ने ।

# ऐन नियममा सुधार

- आर्थिक अपराधमा फौजदारी सजाय हुन नहुने ।
- भन्सारका दरहरुको सम्बन्धमा उच्च स्तरीय कर प्रणाली पुनरावलोकन आयोग २०७१ को सुझावहरु तर्फ ध्यान आकर्षण गराउं छौ ।
- औद्योगिक व्यसायक ऐन २०७३ मा उल्लेख गरिएका भन्सार सम्बन्धी सुविधाहरुलाई भन्सार ऐनमा नै समावेस गरी सो को प्रत्याभति हुनुपर्ने ।

*जस्तै: नेपालमा उत्पादन हुने उद्योगहरुले आयात गर्ने कच्चादार्थमा लाग्ने भन्सार तयारी बस्तुमा लाग्ने भन्दा एकतह कम हुनुपर्ने ।*

# ऐन नियममा सुधार

- भारतबाट पैठारी गर्दा पाउने छुटका लागि अग्रिम भुक्तानी वा एल.सी. बाहेक कुनै पनि बैकिङ प्रणालीबाट भुक्तानी गरी पैठारी गरेमा साफ्टा अन्तरगतको सुविधा पाउने व्यवस्था हुनु पर्ने ।

# विविध

- वारेन्टी समय भित्र उद्योगको मेसिन Spares Parts पैठारीगर्दा पुनः भन्सार महसुल नलाग्ने व्यवस्था हुनुपर्ने ।
- पैठारी हुने सामान संगै आपूर्तिकर्ताले उपलब्ध गराएको वारेन्टी स्पेयर पार्टस तथा बिक्री प्रवर्द्धन सामानहरुको मूल्य सोही सामानमा गाभि सकिएको हुंदा सोमा भन्सार महसुल नलाग्ने व्यवस्था हुनुपर्ने ।
- त्रिभुवनविमानस्थल, वीरगंज, बिराटनगर, मेची, भैरहवा, नेपालगंज र धनगढीको भन्सार कार्यालय २४ घण्टा खुल्ला हुनुपर्ने ।

# विविध

- तेश्रो मुलुकका औद्योगिक कच्चापदार्थ, मेसिन, पार्टस भारत मा वण्डेड वेयर हाउसको सुबिधा भएका कम्पनीहरुबाट पैठारी गर्न पाउनुपर्ने ।

“स्वच्छ प्रशासन स्वच्छ व्यवसाय”

धन्यवाद !